# गण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः९** **संख्याः ८** **मितिः२०८२।१२ ।२२**

**भाग-२**

## गण्डकी गाउँपालिका

# गण्डकी गाउँपालिका सडक हेरालु व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२

प्रमाणीकरण मितिः२०८२। १२।२२

प्रस्तावनाः गण्डकी गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायात संचालन गर्नका लागी यस गाउँपालिकाका विभिन्न वडाहरु भित्र रहेका महत्पूर्ण सडकहरुलाई १२ महिना संचालन गर्नु पर्ने र सो का लागि सडक हेरालु राख्दा मर्मत संभार खर्चमा समेत काम लाग्ने भएको हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम सँगत बनाउनका लागि वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८२।१२।२२ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१) **संक्षिप्त नाम प्रारम्भ :** क. यो कार्यविधिको नाम गण्डकी गाउँपालिकाको “सडक हेरालु व्यवस्थापन कार्यविधि २०८२” रहनेछ।

ख. यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ।

२) **परिभाषा :**

क. "अध्यक्ष" भन्नाले गण्डकी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ग. "उपाध्यक्ष" भन्नाले गण्डकी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "वडाध्यक्ष" भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनु पर्दछ ।

च. 'हेरालु' भन्नाले गण्डकी गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

छ. "छनौट समिति" भन्नाले सडक हेरालु छनौट समिति सम्झनु पर्दछ ।

ज. "सडक" भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका राष्ट्रिय राजमार्ग बाहेकका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ

झ. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

ञ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ट. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत संम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

**३) संख्या तथा कार्यक्षेत्र :**

क. हेरालुहरुको संख्या वडा स्तरीय सडकहरुको प्रकृति बमोजिम कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

ख. हेरालुहरुको कार्यक्षेत्र यस गण्डकी गाउँपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरु हुनेछ ।

ख. गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउन सकिनेछ ।

ग. सडक हेरालु खटाउदा अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ ।

**४) कार्य प्रकृति :**

सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

क. सडक मर्मत सम्बन्धी कार्यहरु ।

ख. सडकमा पर्ने खाल्डाहरु पुर्ने, सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।

ग. सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने ।

घ. सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।

ङ. नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।

च. सडक सरसफाइ गर्ने।

छ. सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।

ज. पहिरो सम्भावित सडक क्षेत्रमा दायाँ बायाँ वृक्षरोपण गर्ने

झ. आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

**५) सडक हेरालु छनौट समिति :**

१. हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछ :

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. सडक रहेको वडाको वडा अध्यक्ष - सदस्य

ङ. भौतिक पूर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

२. दफा १ बमोजिम लामो प्रक्रिया हुने भएमा कार्यपालिका छनौट समिति रुपमा रहने छ।

**६) छनौट प्रकृया :**

१. सडकको मर्मत सम्भार गर्न सडक हेरालु छनौट गर्न गाउँपालिकाले कार्यपालिका बाट संख्या एकिन गरी न्यूनतम सात दिन अवधिको सूचना खुलाउनु पर्नेछ।

२. तोकिएको समयमा रितपूर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिने छ।

३. तोकिएको मितिमा अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ। अन्तर्वार्ता समिति देहाय बमोजिम रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. भौतिक पूर्वाधार शाखा प्रमुख - सदस्य

ग. योजना शाखा प्रमुख - सदस्य सचिव

४. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधि भित्र रही गर्नुपर्ने छ ।

क. सम्बन्धित वडाको स्थायी वासिन्दा भएको,

ख. उमेर १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको,

ग. आर्थिक अवस्था कमजोर रहेको,

घ. काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने,

ङ. स्वास्थ्य विमा अनिवार्य गरेको हुनुपर्ने ।

च. विगतका समेत सडक सँरक्षक तथा हेरालु भई काम गरेको अनुभवी एवं सडक सम्बन्धी काम गर्न जानेको व्यक्ति तथा सम्बन्धित सडक नजिकको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।

छ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरुलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले दिनेछ । करार सम्झौता गर्नुपूर्व सिफारिसको क्रममा प्रचलित मापदण्डको पालना भए नभएको एकिन गर्ने जिम्मा गाउँकार्यपालिकाको कार्यालयको हुनेछ । सिफारिस भएको उमेद्वारहरुको म्याद करार सम्झौता बमोजिम हुनेछ। करार समय असार १ गते देखि असोज मसान्त सम्मको हुनेछ। तोकिएको समय भन्दा बढी करार म्याद कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**७) हेरालुको दैनिक कार्य समय र स्थान :**

क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :

दिनमा ८ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुवाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

ख. कार्य गर्ने स्थान र सडकको नाम कार्यालयले करार सम्झौतामा तोक्नेछ।

**८) सेवा सुविधा :**

क. सडक हेरालुको सेवा सुविधा प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्ड अनुसार (अदक्ष ज्यामी अनुसार जिल्लाले तोकेको दररेट) हुनेछ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिका तथा वडा कार्यालयले उपलब्ध गराउने छ ।

ग. सड़क हेरालुहरुको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा बैंक मार्फत गर्नुपर्ने छ ।

घ. सम्बन्धीत वडाबाट प्रमाणित हाजिरी र सिफारिसको आधारमा मात्र महिना भुक्तान भएपछि वा म्याद सम्पन्न भएपछी सेवा सुविधा उपलब्ध गराइने छ।

**९) सडक हेरालु अनुगमन समिति :**

सडक हेरालुले आ-आफ्नो दायित्व अनुसार काम गरे नगरेको अनुगमन गर्न देहायको समिति रहनेछ।

| | |
|---|---|
| उपाध्यक्ष | -संयोजक |
| सडक रहेको वडाको वडा अध्यक्ष | -सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य सचिव |

**१०) बाधा अड्काउ, फुकाउः** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले बाधा अड्काउ, फुकाउका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**११) खारेजी र बचाऊः** (१) यो कार्यविधि लागु भएपछी यस पुर्व अगाडि देखि कार्यरत सडक हेरालु यसै कार्यविधि वमोजिम भएको मानिने छ र यस अघि सडक हेरालु सम्बन्धी कार्यपालिकाका निर्णयहरु स्वत: खारेज भएको मानिनेछ।

आज्ञाले
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत